पथरी शनिश्चरे नगरपालिका

मोरङ, कोशी प्रदेश, नेपाल

स्थानीय राजपत्र

खण्डः १०　　संख्याः१　　मितिः२०८३/०१/२४

भाग- २

पथरी शनिश्चरे नगरपालिका

उत्कृष्ट सामुदायिक विद्यालय, शिक्षक तथा कर्मचारी प्रोत्साहन तथा सम्मान कार्यविधि, २०८३

कार्यपालिकाबाट स्विकृत मितिः२०८३/०१/२४

प्रमाणिकरण मितिः २०८३/०२/०१

उत्कृष्ट सामुदायिक विद्यालय, शिक्षक तथा कर्मचारी प्रोत्साहन तथा सम्मान कार्यविधि, २०८३

प्रस्तावना:- पथरी शनिश्चरे नगरपालिका अन्तर्गत रहेका शैक्षिक क्षेत्रमा उत्कृष्ट भूमिका निर्वाह गर्ने सामुदायिक विद्यालय, उत्कृष्ट शिक्षक तथा कर्मचारीलाई प्रोत्साहन तथा सम्मान कार्यक्रमलाई प्रभावकारी र विश्वसनीय रुपमा कार्यान्वयन गर्नका लागि पथरी शनिश्चरे नगरपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ:

क) यस कार्यविधिको नाम "उत्कृष्ट सामुदायिक विद्यालय र शिक्षक प्रोत्साहन तथा सम्मानसम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

ख) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भए पश्चात तत्काल लागू हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क))"आधारभूत विद्यालय" भन्नाले बालविकास कक्षा १ देखि कक्षा ८ सम्म सञ्चालनमा रहेको विद्यालय सम्झनु पर्छ। सो शब्दले (बाल विकास देखी कक्षा-३), (बाल विकास देखी कक्षा-४), (बाल विकास देखी कक्षा-५), (बाल विकास देखी कक्षा-८), सञ्चालित विद्यालय समेत जनाउँछ।

ख) "छनौट समिति" भन्नाले नियम ५ बमोजिम गठित समितिलाई सम्झनु पर्छ।

ग) "नगर शिक्षा समिति" भन्नाले पथरी शनिश्चरे नगर शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ को दफा २४ बमोजिम गठन भएको नगर शिक्षा समितिलाई सम्झनु पर्छ।

घ) "निर्देशक समिति" भन्नाले नियम ४ बमोजिम गठित समितिलाई सम्झनु पर्छ।

ङ) "माध्यमिक विद्यालय" भन्नाले बाल विकास देखि कक्षा १० र बाल विकास देखि कक्षा १२ सम्म सञ्चालनमा रहेको विद्यालय सम्झनु पर्छ।

च) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट निरन्तर रुपमा अनुदान प्राप्त गर्ने स्वीकृती वा अनुमति प्राप्त विद्यालयलाई सम्झनु पर्छ।

छ) "शिक्षक" भन्नाले सामुदायिक विद्यालयमा अध्यापन गर्ने अध्यापकलाई सम्झनु पर्दछ । सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँछ ।

ज) "शिक्षा, युवा तथा खेलकुद शाखा" भन्नाले पथरी शनिश्चरे नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत रहेको शिक्षा हेर्ने शाखालाई सम्झनु पर्छ ।

३. उद्देश्य: यस कार्यविधि तयार गर्नका उद्देश्य निम्न रहेका छन ।

क) उत्कृष्ट विद्यालय तथा शिक्षक छनौटका अधार र कार्यविधि निर्धारण गरी पारदर्शी र प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गर्ने ।

ख) तोकिएको आधार र कार्यविधि बमोजिम उत्कृष्ट विद्यालय तथा शिक्षक छनौट गरी पुरस्कृत गर्न सहयोग गर्ने ।

ग) उत्कृष्ट छनौट हुने विद्यालय तथा शिक्षकहरुलाई प्रदान गरिने रकमलाई शैक्षिक गुणस्तर सुधारका लागि उपयोग गर्न मार्गदर्शन गर्ने ।

४. निर्देशक समिति: उत्कृट विद्यालय, शिक्षक तथा कर्मचारी छनौट कार्यक्रममा कुनै बाधा व्यवधान आई परेको खण्डमा नीतिगत निर्णय गर्न तथा कार्यक्रम संचालनका लागि समितिलाई आवश्यक निर्देशन दिनका लागि देहायबमोजिमको एउटा निर्देशक समिति रहनेछ ।

क) नगरप्रमुख	- संयोजक
ख) उप–प्रमुख	- सदस्य
ग) प्रमुख प्रशासकीय अधिकृत	- सदस्य
घ) आर्थिक प्रशासन शाखा प्रमुख	- सदस्य
ङ) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख	- सदस्य सचिव

५. छनौट समिति: १) नगरपालिकाका उत्कृट विद्यालय, शिक्षक तथा कर्मचारी छनौटका लागि देहाय बमोजिम एक छनौट समिति रहनेछ ।

क) सामाजिक विकास समितिको संयोजक - संयोजक

ख) नगर शिक्षा समिति संयोजकले मनोनित गरेको १ जना वडा अध्यक्ष समते रहने गरी

१ जना महिलासहित २ जना कार्यपालिका सदस्य - सदस्य

घ) शिक्षक महासंघ नगर कमिटि अध्यक्ष वा निजले तोकेको मा.वि. तहको शिक्षक - सदस्य

ङ) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख वा निजले तोकेको कर्मचारी - सदस्य-सचिव

२) नियम ५ को उपनियम १ बमोजिम गठित समितिको बैठकसम्बन्धी कार्यविधि समिति आफैले तयार गर्न सक्नेछ।

६. निर्देशक समितिको काम कर्तव्य र अधिकार: दफा ४ बमोजिम गठित निर्देशक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुने छ।

क) छनौट समितिलाई आवश्यक निर्देशन एवम् सहजीकरण गर्ने।

ख) छनौट समितिबाट प्राप्त भएको उत्कृष्ट विद्यालय, शिक्षक तथा कर्मचारीको नाम अनुमोदन गर्ने।

ग) छनौट समितिमा कुनै विवाद वा दुविधा उत्पन्न भएमा समाधान गर्ने।

घ) उत्कृष्ट विद्यालय, शिक्षक तथा कर्मचारीहरूलाई प्रदान गर्ने पुरस्कार राशी निर्धारण गर्ने।

७. छनौट समितिको काम कर्तव्य र अधिकार: दफा ५ बमोजिम गठित समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुने छ।

क) विद्यालयबाट प्राप्त निवेदन तथा यस कार्यविधिको अनुसूचीमा समावेश उत्कृष्ट विद्यालय छनौटका आधार तथा मापदण्डहरुका आधारमा उत्कृष्ट विद्यालय मूल्याङ्कन गरी छनौट गर्ने।

ख) शिक्षकबाट प्राप्त निवेदन, विद्यालय र वि.व्य.स. को सिफारिस तथा यस कार्यविधिको अनुसूचीमा समावेश उत्कृष्ट शिक्षक तथा कर्मचारी छनौटका आधार तथा मापदण्डहरुका आधारमा उत्कृष्ट शिक्षक तथा कर्मचारी मूल्याङ्कन गरी छनौट गर्ने।

ग) दफा ४ बमोजिम गठित निर्देशक समितिसँग समन्वय गरि उत्कृष्ट विद्यालय र शिक्षक तथा कर्मचारीलाई दिइने पुरस्कारको रकमको निर्धारण गर्ने।

घ) छनौट भएका उत्कृष्ट विद्यालय तथा शिक्षक तथा कर्मचारीहरुको विवरण सिफारिस गर्ने।

८. शिक्षा, युवा तथा खेलकुद शाखा/सदस्य सचिवको काम कर्तव्य र अधिकार:

उत्कृष्ट विद्यालय, शिक्षक तथा कर्मचारी छनौट गर्न साथै छानिएका विद्यालयहरुलाई प्रदान गरिने पुरस्कार रकमको कार्यान्वयनका सन्दर्भमा शिक्षा युवा तथा खेलकुद शाखाको काम कर्तव्य र अधिकार देहाय अनुसारको हुनेछ।

क) उत्कृष्ट विद्यालय तथा शिक्षक छनौटका लागि ७ दिनको म्याद राखि सूचना प्रकाशन गर्ने।

ख) प्राप्त निवेदन तथा सिफारिसहरुलाई छनौट समिति समक्ष पेश गर्ने।

ग) छनौट समितिबाट सिफारिस भई आएका विद्यालयसँग नियम १५ बमोजिमको कार्यक्रम गर्न सम्झौता गर्ने।

घ) कार्यक्रम अनुगमन गर्ने।

ङ) प्रगति विवरणको आधारमा रकम भुक्तानी दिने व्यवस्था मिलाउने।

९. उत्कृष्ट विद्यालय छनौटका आधार तथा मापदण्डहरु:

उत्कृष्ट विद्यालय छनौटका आधार तथा मापदण्डहरू अनुसूची १ बमोजिम हुनेछ।

१०. उत्कृष्ट प्र.अ. छनौटका आधार तथा मापदण्डहरु:

उत्कृष्ट शिक्षक छनौटका आधार तथा मापदण्डहरू अनुसूची २ बमोजिम हुनेछ।

११. उत्कृष्ट शिक्षक छनौटका आधार तथा मापदण्डहरु:

उत्कृष्ट शिक्षक छनौटका आधार तथा मापदण्डहरू अनुसूची ३ बमोजिम हुनेछ।

१२. उत्कृष्ट प्रारम्भिक बाल विकास सहजकर्ता छनौटका आधार तथा मापदण्डहरु:

उत्कृष्ट **प्रारम्भिक बाल विकास सहजकर्ता** छनौटका आधार तथा मापदण्डहरू अनुसूची ४ बमोजिम हुनेछ।

१३. उत्कृष्ट विद्यालय सहायक कर्मचारी छनौटका आधार तथा मापदण्डहरु:

उत्कृष्ट विद्यालय सहायक कर्मचारी छनौटका आधार तथा कार्यविधिहरु अनुसूची ५ बमोजिम हुनेछ।

१४. उत्कृष्ट विद्यालय सहयोगी कर्मचारी छनौटका आधार तथा मापदण्डहरु:

उत्कृष्ट विद्यालय सहयोगी कर्मचारी छनौटका आधार तथा कार्यविधिहरु अनुसूची ६ बमोजिम हुनेछ।

१५. पुरस्कारको राशी र अन्य व्यवस्था: यस कार्यविधि बमोजिम प्रदान गरिने पुरस्कारको राशी तथा अन्य व्यवस्था देहाय बमोजिम हुने छ।

क) उत्कृष्ट विद्यालय तथा शिक्षकलाई प्रत्येक आर्थिक वर्षमा एक पटक पुरस्कार प्रदान गरिने छ। उत्कृष्ट शिक्षक छनौट गर्दा तहगत रूपमा तथा विषयगत रूपमासमेत गर्न सकिने छ।

ख) उत्कृष्ट विद्यालय पुरस्कार प्रत्येक आ.व.मा प्रथम र दोस्रो हुने विद्यालयलाई तोके बमोजिमको रकम र प्रमाणपत्र प्रदान गरिनेछ।

ग) प्रत्येक आ.व.मा उत्कृष्ट शिक्षक तथा कर्मचारीलाई तोके बमोजिमको रकम र प्रमाणपत्र प्रदान गरिने छ।

घ) उत्कृष्ट विद्यालय ,शिक्षक तथा कर्मचारीलाई प्रदान गरिने पुरस्कार रकम दफा ४ बमोजिम गठित समितिले तोके बमोजिम हुनेछ।

ङ) आवश्यकता अनुसार उत्कृष्ट सहयोगी तथा विद्यालय सहायक कर्मचारी र बालविकास सहजकर्तालाई समेत उत्कृष्ट छनौट गरी पुरस्कृत गर्न सकिने छ।

१६. पुरस्कार कार्यान्वयन सम्बन्धी मापदण्ड:

उत्कृष्ट विद्यालय पुरस्कार विद्यालयले वि.व्य.स.को निर्णयानुसार शैक्षिक उपलब्धी तथा गुणस्तर वृद्धि हुने क्षेत्रमा प्रचलित आर्थिक कार्यविधि तथा नियम अनुसार मात्र खर्च गर्नुपर्नेछ अन्यथा कानुन बमोजिम कारवाही हुनेछ। उत्कृष्ट प्र.अ. तथा उत्कृष्ट शिक्षक कर्मचारीको हकमा भने उल्लेखित मापदण्ड लागु हुने छैन।

१७. बचाउ: यस कार्यविधिमा उल्लेखित विषयको हकमा यसै बमोजिम र अन्य कुरा प्रचलित कानुन अनुसार हुनेछ।

१८. संसोधन: नगर कार्यपालिकाको कार्यालयले आवश्यकतानुसार यो कार्यविधि संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

अनुसूची-१

उत्कृष्ट विद्यालय छनौटका मापदण्डहरू:

क्र.स.	विवरण	कार्यान्वयन को अवस्था	विद्यालयको स्वमूल्याङ्कन	समितिको मूल्याङ्कन	मूल्यांकनका आधार
		लक्ष्य प्रगति	प्राप्ताङ्क	प्राप्ताङ्क	१०० पूर्णाङ्कमा परिक्षण गरिने
१	बैठक र निर्णय कार्यान्वयन	१०			
	विद्यालय व्यवस्थापन समितिको बैठक सङ्ख्या शिक्षक अभिभावक संघ बैठक सङ्ख्या शिक्षक स्टाफ - खाजा व्यवस्थापन समितिको वैठक सङ्ख्या	४			लक्ष्य अनुसार बैठक बसेमा ४ अङ्क लक्ष्यको ७५ प्रतिशत भए २ अङ्क र कुनैपनि नभएमा शुन्य अङ्क
	विद्यालयमा गठित विभिन्न समितिका बैठकको निर्णयको कार्यान्वयन	४			समितिमा भएका महत्वपूर्ण निर्णय सबै कार्यान्वयन भएमा पूर्णाङ्क मानी सोही अनुपातमा अङ्क
	विद्यालय सुधार योजना / गुरु योजना निर्माण	२			समय अनुसार अद्यावधिक भएको भए २ अङ्क र योजना मात्र बनेको भए १ अङ्क
२	विद्यालयको नाममा रहेको जग्गा एवम् स्रोतको उपयोगको अवस्था	१०			
	भवन, कोठा र फर्निचरको पर्याप्तता र अनुकुलता	३			पर्याप्त र विद्यार्थी अनुकुल (विद्यार्थीको उचाइ र अपाङ्गताका आधारमा) भएमा ३ अङ्क अन्य अवस्था हेरी पर्याप्त भएमा २ अङ्क र अपर्याप्त भएमा १ अङ्क
	खेल मैदान र खानेपानीको पर्याप्तता	२			पर्याप्त भए २ र सामान्य भए १ अङ्क
	शौचालय	२			छात्र छात्राको लागि छुट्टा छुट्टै भएमा २
	पुस्तकालयको व्यवस्था	१			उपलब्ध भएमा १
	प्रयोगशाला (विज्ञान र कम्प्युटर)	२			दुवै भएमा २ र एक वटा मात्र भएमा १

	पारदर्शीता सम्बन्धी क्रियाकलाप	१०			
३	विद्यालयबाट सम्पादन भएका क्रियाकलाप नियमित रूपमा शैक्षिक तथ्याङ्कसहितको ब्रोसियर प्रकाशन वा वेभसाइट वा भित्तेसूचना प्रकाशन मार्फत सार्वजनिकरण	४			शैक्षिक तथ्याङ्कसहितको ब्रोसियर वा वेभसाइट वा नियमित भित्ते सूचना वा अन्य कुनै प्रकाशन मार्फत सार्वजनिक गरेमा ४ अङ्क अन्य कुनै माध्यमबाट आंशिक जानकारी गराएमा २
	सूचनापाटी र सूचना टाँसको व्यवस्था	२			अद्यावधिक सूचना पाटीमा राख्ने गरेमा २ र व्यवस्था मात्र भएमा १
	गुनासो पेटिका, कार्यान्वयन र अभिलेखिकरण	२			गुनासो पेटिकासहित सुनुवाइ संयन्त्र भए २ र गुनासो पेटिका मात्र भए १
	विद्यालयको आय व्ययको विवरण सार्वजनिक	२			आय व्ययको विवरण सार्वजनिक गरेमा २, अभिलेख मात्र राखेमा १
४	तथ्याङ्क विवरण एवम् विद्यालय प्रोफाइलको प्रयोग	८			
	आफ्नो विद्यालयमा आउने सम्भाव्य विद्यालय उमेर समूहका जम्मा बालबालिकाको तथ्याङ्क सङ्कलन र अभिलेखिकरण	२			घरदैलोमै पुगी तथ्याङ्क सङ्कलन र खण्डीकृत अभिलेख राखेमा २, कुनै निकायबाट वा सोधपुछबाट तथ्याङ्क सङ्कलन गरेमा १
	भर्ना भएका विद्यार्थीको समष्टिगत अभिलेख तयार गरी IEMIS अद्यावधिक गरेको	२			प्रविधिको माध्यमबाट EMIS अपडेट गरी प्रकाशित गरेमा २, अपडेट मात्र गरेमा अभिलेखहरू टिपोट सम्म गरेमा १
	विद्यालय प्रोफाइल अद्यावधिक गरेको	२			प्रोफाइल अद्यावधिक गरी IEMIS समावेश गरेको

५	विद्यालय सञ्चालन / उपलब्धी	२२			
	वार्षिक क्यालेण्डर निर्माण र कार्यान्वयन	२			निर्माण मात्र भएमा १, कार्यान्वयन समेत भएमा २
	२२० दिन भन्दा बढी विद्यालय खुलेको	२			खुलेको दिनलाई पूर्णाङ्क मानि अङ्क दिने
	१९२ पढाइ भएको दिन	२			पढाइ भएको दिनलाई पूर्णाङ्क मानि अङ्क दिने
	विद्यालयमा सञ्चालित कक्षा मध्ये माथिल्लो कक्षा (५,८ र १० मध्ये एक) का विद्यार्थीहरुले नेपाली अङ्ग्रेजी र विज्ञान विषयमा प्राप्त गरेको ओषत सिकाइ उपलब्धी	१६			सत्तरी प्रतिशत भन्दा बढी भएमा १६, साठीदेखि उनसत्तरी प्रतिशत भएमा १२, पचासदेखि उन्साठी प्रतिशत भएमा ८, चालीसदेखि उन्पचास प्रतिशत भएमा ६ र सो भन्दा कम भएमा ५ अङ्क दिने। अक्षराङ्क पद्धति अवलम्बन भएमा सोही आधारमा अङ्कन गर्ने
६	आर्थिक प्रणालीको व्यवस्थापन	१०			
	आय व्ययको अभिलेख अद्यावधिक गरेको	३			अघिल्लो ५ वर्षदेखिको भएमा ३, २ वर्ष देखिको भएमा २ र चालु वर्षको मात्र भएमा १
	अघिल्लो वर्षको लेखा परीक्षण सम्पन्न गरेको	२			आन्तरिक र बाहेय
	लेखा परीक्षण प्रतिवेदनले दिएका सुझावको कार्यान्वयन	२			पूरै गरेमा २, आशिक भएमा १
	बेरुजुको अवस्था	३			(बेरुजु शून्य भएमा ३, खर्च रकमको पाँच प्रतिशत भन्दा कम भएमा १
७	विद्यार्थीको सुविधा तथा सहयोग	१५			
	तोकिएको तहका लागि मापदण्ड बमोजिमको दिवा खाजा उपलब्ध भएमा	३			खाजाको तीनैवटा पक्ष मेनु, मापदण्ड र मात्रा मिलेमा ३, दुईवटा मिलेमा २ र एक वटा मात्र मिलेमा १
	विद्यालयमा स्काउट, रेडक्रस, बालक्लब गठन भइ क्रियाशील रहेका	२			गठन भइ क्रियाशील रहेमा २ र गठन मात्र भएमा १

	लक्षित समूहका विद्यार्थीहरूलाई छात्रवृति विवरण	५			सार्वजनिक समारोह गरी लक्षित सबैलाई वितरण गरेमा, समारोह विना वितरण गरेमा र केहीलाई मात्र वितरण गरेमा क्रमशः ५, ३, १
	विद्यार्थियोंको स्वास्थ्य उपचारको व्यवस्था	२			स्वास्थ्य सेवा प्रदायकसँगको सहकार्य (स्वास्थ चौकी वा नर्स) मा सेवाप्रवाह गरेमा २ अन्य अवस्थामा १ अङ्क
	अतिरिक्त क्रियाकलाप विद्यालय, अन्तर विद्यालय, अन्तर जिल्ला खेलकुद प्रतियोगितामा सहभागिता र पुरस्कृत	३			विद्यालयले प्राप्त गरेका शिल्ड, पदक तथा प्रमाणपत्रको सङ्ख्याका आधारमा ३ अङ्क आन्तरिक प्रतियोगिता सञ्चालन गरेमा १
	कार्यसम्पादन संस्कृति	१५			
	नियमानुसार प्रधानाध्यापकको नियुक्ति	२			नियमानुसार प्रअको नियुक्ति भएमा २ नभएमा १ अङ्क
	शिक्षकले कक्षामा बिताएको समयको अभिलेख राख्ने गरिएको	३			साप्ताहिक, पाक्षिक वा मासिक वा वार्षिक रूपमा अभिलेख राखेको अवस्थामा अङ्क प्रदान गर्ने
८	शिक्षकलाई जिम्मेवारी तोकिएको	२			प्रधानाध्यापक तथा शिक्षकको कोठामा टास गरेको हुनुपर्ने।
	स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन	२			पूरै गरेमा २, आंशिक भएमा १
	तहगत शिक्षक इन्चार्जको व्यवस्था भएको	१			आधारभूत र माध्यमिक तह
	विद्यालयले आफ्नै पहलमा सञ्चालन गरेको रचनात्मक कार्य	५			कार्यक्रमले पारेको प्रभावलाई हेरेर उत्कृष्ट भएमा ५, राम्रो भएमा ३ र सन्तोषजनक भएमा २ अंक
	कूल जम्मा	१००			

अनुसूची-२

उत्कृष्ट प्रधानाध्यपक छनौटका मापदण्डहरू:

क्र.स.	सूचकको नाम	पूर्णाङ्क	पुस्ट्याइँको आधारहरु	प्राप्ताङ्क	कैफियत
१	वार्षिक योजनाको निर्माण र कार्यान्वयन	५	योजना निर्माण गरी पूर्ण रूपमा कार्यान्वयन भएमा ५ आंशिक कार्यान्वयन भएमा ३ र निर्माण मात्र भएमा २ अङ्क		
२	दैनिक कार्ययोजना निर्माण र कार्यान्वयन	३	योजना निर्माण गरी पूर्ण रूपमा कार्यान्वयन भएमा ३ आंशिक कार्यान्वयन भएमा २ र निर्माण मात्र भएमा १ अङ्क		
३	शिक्षक बैठक बसी शैक्षिक सुधारका लागि निर्णय गरी कार्यान्वयन	६	नियमानुसार बैठक बसि निर्णय कार्यान्वयन भएमा ६ आंशिक कार्यान्वयन भएमा ४ र बैठक बसि निर्णय मात्र भएमा २ अङ्क		
४	वि.व्य.स. बैठक बसी शैक्षिक सुधारका लागि निर्णय गरी कार्यान्वयन	६	नियमानुसार बैठक बसि निर्णय कार्यान्वयन भएमा ६ आंशिक कार्यान्वयन भएमा ४ र बैठक बसि निर्णय मात्र भएमा २ अङ्क		
५	विद्यालयको आयोजनामा शिक्षकलाई क्षमता विकास तालिम तथा कार्यशाला आयोजना	३	वार्षिक रूपमा २ पटक शिक्षकहरूको क्षमता विकास तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन भएमा ३ आंशिक भएमा २ अङ्क		
६	प्र.अ.बाट शिक्षकका कक्षा अवलोकन गरी शिक्षणका क्रममा आइपर्ने समस्याहरुमा पेसागत सहयोग	६	कम्तिमा २ पटक सबै शिक्षकको कक्षा अवलोकन भएमा ६ वार्षिक रूपमा १ पटक भएमा ३ अङ्क		
७	शिक्षक अभिभावक संघको बैठक बसाई शैक्षिक सुधारका लागि निर्णय गराई कार्यान्वयन	३	नियमानुसार बैठक बसि निर्णय कार्यान्वयन भएमा ३ आंशिक कार्यान्वयन भएमा २ र बैठक बसि निर्णय मात्र भएमा १ अङ्क		
८	परीक्षाफलको विश्लेषण गराई पृष्ठपोषण प्रदान	५	अभिभावक भेला गराइ सबै परीक्षाको विश्लेषण गरेमा ५ आंशिक भएमा ३ र बैठक बसि निर्णय मात्र भएमा २ अङ्क		

९	विद्यालयको वार्षिक दिवसमा अघिल्लो वर्षको सिकाइ उपलब्धिमा औसतमा सर्वोत्तम अंङ्क ल्याउने शिक्षकलाई सम्मान पुरस्कृत र सिकाइ उपलब्धि औसतमा न्यूनतम अंङ्क ल्याउने शिक्षकलाई चेतावनीसहित सुधारका लागि पृष्ठपोषण	३	वार्षिक दिवस आयोजना गरी पुरस्कृत/ सजग गरेमा ३ पुरस्कृत मात्र गरेमा २ अङ्क		
१०	तोकिएको ढाँचा र समयमा सामाजिक परिक्षण गरी अभिभावक भेलामा प्रस्तुत	४	तोकिएको समयमा काम सम्पन्न गरी सार्वजनिक गरेमा ४ सामाजिक परीक्षण मात्र गरेमा २ अङ्क		
११	विद्यालयमा सुशासन र पारदर्शिता कायम	३	विद्यालयबाट सम्पादन भएका कामहरू सार्वजनिक गर्ने सूचना पाटी र गुनासो पेटिकाको व्यवस्था गरी कार्यान्वयन गर्ने तथा आय व्य.य सार्वजनिक गर्ने गरेमा ३ आंशिक भएमा २		
१२	विद्यालयको सबै अभिलेख व्यवस्थापन गरेको साथै समयमा नै EMIS मा सबै विवरण अद्यावधिक	५	प्रविधिको माध्यमबाट EMIS मा सबै विवरण अपडेट गरी प्रकाशित गरेमा ५, अपडेट मात्र गरेमा ३ अभिलेखहरू टिपोट सम्म गरेमा २ अङ्क		
१३	तोकिएको समयमा लेखा परिक्षण	२	तोकिएको समयमा लेखा परीक्षण गरेमा २ अङ्क		
१४	बेरुजु नभएको वा समयमा फर्छोट	२	बेरूजु शुन्य भएमा २ खर्च रकमको ५%भएमा १ अङ्क		
१५	विद्यालय हाता तथा शौचालय र स्वच्छ खानेपानी व्यवस्थापन र फूलबारी व्यवस्थापन	३	शौचालय नियमित रूपमा सफाइ भएको पानीको व्यवस्था भएको साथै फुलबारी भएमा ३ आंशिक भएमा २ अङ्क		
१६	विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन	३	योजना निर्माण गरी पूर्ण रूपमा कार्यान्वयन भएमा ३ आंशिक कार्यान्वयन भएमा २ र निर्माण मात्र भएमा १ अङ्क		
१७	विद्यालय खुलेको ९० प्रतिशत वा सोभन्दा बढी दिन औसत विद्यालयमा स्वयम् उपस्थित	५	उपस्थिति प्रतिशतका आधारमा अङ्क प्रदान गर्ने		
१८	विद्यालय सेवा क्षेत्रभित्रका विद्यालय आउने विद्यार्थीहरूको अभिलेखीकरण	२	विद्यालय सेवा क्षेत्र भित्र विद्यालय आउने उमेर समूहका वालवालिकाको अभिलेख राखेमा २ अङ्क		

१९	विद्यालयको औसत सिकाइ उपलब्धि मापन गरी वार्षिक लक्ष्य हासिल	२०	सिकाइ उपलब्धि मापनं गरी विगत वर्षको तुलनामा १० प्रतिशत वृद्धि गरेमा २० अङ्क ५ प्रतिशत सम्म वृद्धि गरेमा १० अङ्क		
२०	कक्षागत रूपमा शिक्षक विद्यार्थी तथा अभिभावक भेला सञ्चालन	२	वार्षिक रूपमा २ पटक कक्षागत रूपमा अभिभावक भेला गरेमा २ अङ्क १ पटक गरेमा १ अङ्क		
२१	वार्षिक रुपमा विद्यालयमा स्वास्थ्य संस्थासंग समन्वय गरी एक पटक विद्यार्थीको स्वास्थ्य परीक्षण	२	स्वास्थ्य सेवा प्रदायकसँगको सहकार्य (स्वास्थ चौकी वा नर्स) मा सेवाप्रवाह गरेमा २ अन्य अवस्थामा १ अङ्क		
२२	विद्यालयमा पुस्तकालय,विज्ञान प्रयोगशाला तथा ICT प्रयोगशाला व्यवस्थापन र प्रयोग /आधारभूत तहका लागि बाल कक्षा व्यवस्थापन तथा कक्षा सजावट	२	विद्यालयमा पुस्तकालय,विज्ञान प्रयोगशाला तथा ICT प्रयोगशाला व्यवस्थापन र प्रयोग /आधारभूत तहका लागि बाल कक्षा व्यवस्थापन तथा कक्षा सजावट भएमा २ आंशिक भएमा १ अङ्क		
२३	वार्षिक कार्य योजना निर्माण गरी साप्ताहिक रूपमा अतिरिक्त क्रियाकलाप सञ्चालन	३	योजना निर्माण गरी पूर्ण रूपमा कार्यान्वयन भएमा ३ आंशिक कार्यान्वयन भएमा २ र निर्माण मात्र भएमा १ अङ्क		
२४	शिक्षक बाल विकास सहजकर्ता तथा कर्मचारीसँग नियमानुसार करार सम्झौता गरी कार्यान्वयन	२	सम्झौता गरी पूर्ण रूपमा कार्यान्वयन भएमा २ अङ्क आंशिक भएमा १ अङ्क		
	जम्मा	१००			



अनुसूची-३

उत्कृष्ट शिक्षक छनौटका मापदण्डहरू:

क्र.सं.	सूचकको विवरण	पूर्णाङ्क	पुस्ट्याइँको आधारहरु	प्राप्ताङ्क	कैफियत
१	वार्षिक शैक्षणिक योजनाको निर्माण तथा प्रयोग	५	अध्यापन गर्ने सबै विषयको/कक्षाको वार्षिक शैक्षणिक योजना निर्माण तथा प्रयोग ५ अङ्क ३ वटाको भए ३ र सो भन्दा कम भए १ अङ्क		
२	प्रत्येक शिक्षकद्वारा दैनिक पाठयोजनाको निर्माण र प्रयोग	५	अध्यापन गर्ने सबै विषयको/कक्षाको दैनिक पाठयोजना निर्माण तथा प्रयोग ५ अङ्क ३ वटाको भए ३ र सो भन्दा कम भए १ अङ्क		
३	कक्षा शिक्षणमा शैक्षिक सामग्रीको निर्माण/प्रयोग	५	वार्षिक रुपमा १० वटा भन्दा बढी शैक्षिक सामग्री निर्माण गरेमा ५ अङ्क ५ वटा सामग्री निर्माण गरेमा २.५ र सो भन्दा कम भएमा १ अङ्क		
४	कक्षा शिक्षणमा वैयत्तिक विभिन्नतामा आधारित सहयोगात्मक शिक्षण	५	विद्यार्थीको सिकाइ स्तर पहिचान गरी उपचारात्मक शिक्षण गरेमा ५ अङ्क विद्यार्थीको सिकाइ स्तर पहिचान मात्र गरेमा २.५ अङ्क		
५	कार्य अनुभव	५	५ वर्ष सम्मको कार्य अनुभव भए ५ अङ्क ३ वर्षसम्मको कार्य अनुभव भए ३ अङ्क र सोभन्दा कम भए १ अङ्क		
६	शैक्षिक उपलब्धी	२५	आफूले अध्यापन गर्ने विषयको पछिल्लो २ वर्षको औसत जीपीए २ भए ७ अङ्क २.५ सम्म भए १५ अङ्क र ३ भन्दा माथि भए २५ अङ्क		
७	शैक्षिक योग्यता	५	न्यूनतम् शैक्षिक योग्यता मात्र भए ३ अङ्क र माथिल्लो शैक्षिक योग्यता भए ५ अङ्क		
८	विशेष जिम्मेवारी	५	विशेष जिम्मेवारी लिएर पूर्ण रुपमा पालना गरेमा ५ अङ्क आंशिक रुपमा पालन गरेमा २.५ अङ्क		
९	तालिम	५	TPD, ICT र अन्य कुनै पनि विद्यार्थीको शैक्षिक उपलब्धी वृद्धि हुने तालिम लिएको भए ५ अङ्क कुनै १ तालिम लिएको भए ३ अङ्क नलिएको भएमा शून्य अङ्क		

१०	प्रवर्धनात्मक कार्यहरु	१०	शिक्षकले गरेका प्रवर्धनात्मक काम सङ्ख्याका आधारमा प्रति प्रवर्धनात्मक कार्यको २ अङ्कका दरले बढीमा १० अङ्क		
११	अध्ययन अनुसन्धान	५	आफूले अध्यापन गर्ने विषयमा पछिल्लो २ वर्षमा गरेका अनुसन्धान को संख्या ५ सम्म भए ५ अङ्क ३ वटा भए ३ अङ्क र २ वटा भए १ अङ्क		
१२	सूचना तथा सञ्चार प्रविधिको प्रयोग	५	कक्षाकोठामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेको भए ५ अङ्क आफूले जानेको तर कक्षाकोठामा आंशिक प्रयोग गरेको भए २ अङ्क सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न नसक्ने भए शून्य अङ्क		
१३	कक्षाकोठा व्यवस्थापन/कक्षाकोठा कार्यकलाप	५	कक्षाकोठाको आकर्षक रुपमा व्यवस्थापन गरी नियमित गृहकार्य परीक्षण, मासिक परीक्षा र एकाइ परीक्षा जस्ता सूचक सबै प्राप्त भएमा ५ अङ्क कुनै दुई मात्र सूचक प्राप्त भएका २.५ अङ्क र कुनै पनि नभएमा शून्य अङ्क		
१४	नियमितता	५	विद्यालयमा शिक्षकको हाजिरी विद्यालय खुलेको दिनको ८५ देखि ९० प्रतिशत भए ३ अङ्क सो भन्दा माथि भए ५ अङ्क र माथिका कुनै पनि नभएमा शून्य अङ्क		
१५	सरोकारवालासँगको सम्बन्ध	५	विद्यार्थीको सिकाइस्तर र सिकाई उपलब्धिका बारेमा वि.व्य.स.,स्टाफ बैठकमा र अभिभावकसँग छलफल गरेमा ५ अङ्क कुनै २ सरोकारवालासँग छलफल गरेका ३ अङ्क र कुनै पनि सरोकारवालासँग छलफल नगरेमा शून्य अङ्क		
	जम्मा	१००			

अनुसूची-४

उत्कृष्ट प्रारम्भिक बाल विकास सहजकर्ता छनोका मापदण्डहरू:

क्र.सं.	सूचकको विवरण	सूचकको पूर्णाङ्क	पुस्ट्याईंको आधारहरु	प्राप्ताङ्क	कैफियत
१	वार्षिक शैक्षणिक योजनाको निर्माण र प्रयोग	५	अध्यापन गर्ने सबै विषयको/कक्षाको वार्षिक शैक्षणिक योजना निर्माण तथा प्रयोग ५ अङ्क ३ वटाको भए ३ र सो भन्दा कम भए १ अङ्क		
२	वालमैत्री शैक्षिक सामग्री संकलन तथा प्रयोग	१०	वार्षिक रुपमा १० वटा भन्दा बढी शैक्षिक सामग्री निर्माण गरेमा १० अङ्क ५ वटा सामग्री निर्माण गरेमा ५ र सो भन्दा कम भएमा १ अङ्क		
३	कार्यअनुभव	५	५ वर्ष सम्मको कार्य अनुभव भए ५ अङ्क ३ वर्षसम्मको कार्य अनुभव भए ३ अङ्क र सोभन्दा कम भए १ अङ्क		
४	सिकाई उपलब्धी	१५	पछिल्लो २ वर्षको औसत सिकाइ उपलब्धी २ भए ५ अङ्क २.५ सम्म भए १० अङ्क र ३ भन्दा माथि भए १५ अङ्क		
५	वालमैत्री तथा मनोरञ्जनपूर्ण कक्षा शिक्षण तथा शिक्षण विधि अवलम्वन	१०	मण्टेश्वरी पद्धतिमा आधारित विधि प्रयोग गरेका १० अङ्क आंशिक रुपमा प्रयोग गरेमा ५ अङ्क परम्परागत विधिको प्रयोग गरेमा २.५ अङ्क		
६	कक्षाकोठा व्यवस्थापन	१०	कक्षाकोठाको आकर्षक रुपमा व्यवस्थापन गरेमा १० अङ्क आंशिक रुपमा कक्षाकोठा व्यवस्थापन गरेमा ५ अङ्क		
७	नियमित गृहकार्य	५	नियमित रुपमा गृहकार्य परीक्षण गरेमा ५ अङ् आंशिक रुपमा गरेमा २.५ अङ्क		
८	सूचना तथा सञ्चार प्रविधिको प्रयोग	५	कक्षाकोठामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेको भए ५ अङ्क आफूले जानेको तर कक्षाकोठामा आंशिक प्रयोग गरेको भए २ अङ्क सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न नसक्ने भए शून्य अङ्क		
९	विद्यालयका अन्य क्रियाकलापमा सहयोग	५	विद्यालयका अन्य काममा समन्वय गरेमा ५ अङ्क आंशिक रुपमा सहयोग गरेमा २.५ अङ्क		

१०	उपस्थित	५	विद्यालयमा बाल विकास सहजकर्ताको हाजिरी विद्यालय खुलेको दिनको ८५ देखि ९० प्रतिशत भए ३ अङ्क सो भन्दा माथि भए ५ अङ्क र माथिका कुनै पनि नभएमा शून्य अङ्क		
११	उपचारात्मक शिक्षण	५	विद्यार्थीको सिकाइ स्तर पहिचान गरी उपचारात्मक शिक्षण गरेमा ५ अङ्क विद्यार्थीको सिकाइ स्तर पहिचान मात्र गरेमा २.५ अङ्क		
१२	विद्यार्थीको दैनिक उपस्थिति अद्यावधिक	५	अनुपस्थित बालबालिकाका अभिभावकसँग सम्पर्क गरेमा ५ अङ्क आंशिक रुपमा गरेमा २.५ अङ्क		
१३	विद्यालय सेवा क्षेत्रभित्रका प्रारम्भिक वालविकास कक्षामा भर्ना हुने उमेर समूह पहिचान गरी भर्नाका लागि अभिभावकसंग परामर्श	५	अभिलेखसहित अध्यावधिक गरेमा ५ अङ्क र आशिक रुपमा कार्य गरेमा २.५ अङ्क		
१४	शैक्षिक योग्यता	५	न्यूनतम् शैक्षिक योग्यता मात्र भए ३ अङ्क र माथिल्लो शैक्षिक योग्यता भए ५ अङ्क		
१५	तालिम	५	मण्टेश्वरी तालिम लिएको भए अङ्क ५ नलिएको भए शून्य अङ्क		
	जम्मा	१००			

अनुसूची-५

उत्कृष्ट विद्यालय सहायक कर्मचारी छनोका मापदण्डहरू:

क्र. सं.	सूचकको विवरण	पूर्णाङ्क	पुस्ट्याइँको आधारहरु	प्राप्ताङ्क	कैफियत
१	विद्यालयको वजेट निर्माणमा प्र.अ.लाई सहयोग	१०	प्र.अ.लाई पूर्ण सहयोग गरी वार्षिक बजेट तयार भएमा १० अङ्क आंशिक सहयोग गरेको भए ५ अङ्क		
२	आम्दानी/खर्चको हिसाव खाता व्यवस्थापन	१०	खाता व्यवस्थापन गरी समयमा नै सा.ले.प. र आ.ले.प. गरेमा १० अङ्क आंशिक रुपमा कार्य गरेमा ५ अङ्क		
३	नगदी खाता व्यवस्थापन	५	नगदी खाता व्यवस्थित गरेमा ५ अङ्क आंशिक रुपमा गरेमा २.५ अङ्क		
४	वैङ्क खाता व्यवस्थापन	५	बैंक खाता व्यवस्थित गरेमा ५ अङ्क आंशिक रुपमा गरेमा २.५ अङ्क		
५	पेश्की/जिन्सी खाता व्यवस्थापन	१०	पेस्की/जिन्सी खाता व्यवस्थित गरेमा १० अङ्क आंशिक रुपमा गरेमा २.५ अङ्क		
६	शुल्कदर्ता किताव खाता व्यवस्थापन	५	शुल्क दर्ता किताव खाता व्यवस्थित गरेमा ५ अङ्क आंशिक रुपमा गरेमा २.५ अङ्क		
७	वासलात खाता व्यवस्थापन	५	वासलात खाता व्यवस्थित गरेमा ५ अङ्क आंशिक रुपमा गरेमा २.५ अङ्क		
८	IEMIS सम्वन्धी सम्पूर्ण काम सम्पन्न	१५	IEMIS मा भएका सबै विवरण अध्यावधिक गरेमा १५ अङ्क ७५ प्रतिशत विवरण अध्यावधिक गरेमा १० अङ्क र सो भन्दा कम विवरण अध्यावधिक गरेमा ५ अङ्क		

९	दोहोरो लेखा प्रणाली	५	दोहोरो लेखा राखेमा ५ अङ्क पुरानोमा राखेमा २.५ अङ्क		
१०	नियमित प्रशासनिक कार्यमा सूचना प्रविधिको प्रयोग	१०	ICT मैत्री काम गरेमा १० अङ्क आंशिक कार्य गरेमा ५ अङ्क		
११	सम्वन्धित निकायवाट माग भएका विद्यालयसंग सम्वन्धित तथ्याङ्क निर्धारित समयमा अध्यावधिक तथा सम्प्रेशण	१०	तोकिएको समय र ढाँचामा पेश गरेमा १० अङ्क तोकिएको समय भन्दा केही विलम्व गरेमा ५ अङ्क र नगरेमा शून्य अङ्क		
१२	उपस्थिति	१०	विद्यालयमा उपस्थिति विद्यालय खुलेको दिनको ८५ देखि ९० प्रतिशत भए ३ अङ्क सो भन्दा माथि भए ५ अङ्क र माथिका कुनै पनि नभएमा शून्य अङ्क		
	जम्मा	१००			

अनुसूची-६

उत्कृष्ट विद्यालय सहयोगी कर्मचारी छनोका मापदण्डहरू:

क्र.सं.	सूचकको विवरण	पूर्णाङ्क	पुस्ट्याईंको आधारहरु	प्राप्ताङ्क	कैफियत
१	समयको पूर्ण पालना (विद्यालयमा ९.४५ मा उपस्थित भई विद्यालय खोली ४.०० वजेपछी विद्यालय वन्द गरेको)	१०	समयको पूर्ण पालना भएमा १० अङ्क ७५ प्रतिशत पालना भएमा ७ अङ्क ५० प्रतिशत पालना भएमा ५ अङ्क		
२	विद्यालयको कार्यालय तथा विद्यालय परिसर सरसफाइ	१०	आवश्यकताअनुसार समन्वय गरी सरसफाइ गरेमा १० अङ्क विद्यार्थी परिचालन गरी कार्य गरेमा ७ अङ्क आंशिक रुपमा कार्य गरेमा ५ अङ्क		
३	कार्यालय तथा व्यवस्थापनमा सहयोग पुर्याएको	१०	आवश्यकताअनुसार समन्वय गरी कार्यालय व्यवस्थापन गरेमा १० अङ्क आंशिक रुपमा कार्य गरेमा ५ अङ्क		
४	विद्यालयमा शौचालय सरसफाई तथा शुद्ध खानेपानी नियमित रुपमा रहे नरहेको एकिन गरी प्र.अ.लाई जानकारी	५	आवश्यकताअनुसार समन्वय गरी शौचालय सरसफाइ गरेमा ५ अङ्क आंशिक रुपमा कार्य गरेमा २.५ अङ्क		
५	नियमित सिकाई सहजीकरणमा सहयोग	५	शिक्षकलाई आवश्यक सामग्री व्यवस्थापनमा सहयोग गरेमा ५ अङ्क आंशिक सहयोग गरेमा २.५ अङ्क		
६	दैनिक कार्यतालिका कार्यान्वयनमा सहयोग	१०	जिम्मेवार बनेर दैनिक कार्यतालिका पालना गरेमा १० अङ्क आंशिक पालना गरेमा ५ अङ्क		
७	दिवा खाजा निर्माण तथा वितरणमा सहयोग	१०	जिम्मेवार बनेर दिवा खाजा निर्माण र वितरणमा सहयोग		

			गरेमा १० अङ्क आंशिक सहयोग गरेमा ५ अङ्क		
८	उपस्थित	२०	विद्यालयमा कार्यालय सहयोगीले विद्यालय खुलेको दिनको ८५ देखि ९० प्रतिशत उपस्थित भए १५ अङ्क सो भन्दा माथि भए २० अङ्क र माथिका कुनै पनि नभएमा शून्य अङ्क		
९	प्र.अ.को निर्देशन वमोजिम कार्य	१०	निर्देशनअनुसारका सबै कार्य गरेमा १० अङ्क आंशिक कार्य गरेमा ५ अङ्क		
१०	विद्यालयको भौतिक तथा शैक्षिक सामग्रीहरुको संरक्षण	१०	सबै समग्रीको अभिलेखसहित संरक्षण गरेमा १० अङ्क आंशिक रुपमा गरेमा ५ अङ्क		
	जम्मा	१००			

आज्ञाले

राधाकृष्ण खतिवडा

प्रमुख प्रशासकीय अधिकृत